विधेयक संख्याः

मितिः

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७

प्रदेश सभा सचिवालय

प्रदेश नं. १

विराटनगर, नेपाल

# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश सरकारको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त राजस्व संकलन गर्ने, कर लगाउने, कर घटाउने, वढाउने, छुट दिने तथा राजश्व प्रशासन सम्वन्धी कानून तथा मौजुदा कानूनलाई तर्जुमा गर्न तथा समय अनुकुल संशोधन गर्न वान्छनीय भएकाले,

प्रदेश नं. १ प्रदेश सभाले यो ऐन वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७७" रहेको छ।

(२) यो ऐनको दफा १२ तुरुन्त प्रारम्भ हुनेछ र अन्य दफाहरू सम्वत् २०७७ साल साउन १ गते देखि प्रारम्भ हुनेछ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर** : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं.१ भित्र अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क तथा दस्तुरको संकलन घरजग्गा रजिष्ट्रेशनका बखत सम्वन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँपालिका वा नगरपालिका मार्फत घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर उठाउन आवश्यक पर्ने स्रोत, साधन, प्रविधि, जनशक्ति र कार्यालयको व्यवस्थापन नभएसम्म नेपाल सरकारवाट तोकिएको कार्यालयले संकलन गर्नेछ।

(४) उपदफा (३) बमोजिम संकलित रकम बाँडफाँड गरी घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का दस्तुर बापत संकलित रकमको साठी प्रतिशतले हुन आउने रकम मासिक रुपमा सम्वन्धित स्थानीय तहको संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ।

३. **सवारी साधन कर** : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेको सवारी साधनमा अनुसूची-२ बमोजिम सवारी साधन कर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा(ई-रिक्सा) र पावर ट्रिलरमा सम्वन्धित नगरपालिका वा गाउँपालिकाले सवारी साधन कर लगाई असुल गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गाउँपालिका वा नगरपालिकाले सवारी साधन कर उठाउन आवश्यक पर्ने साधन, स्रोत, प्रविधि जनशक्ति र कार्यालयको व्यवस्था नभएसम्म प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ।

(४) उपदफा (३) बमोजिम संकलित रकम प्रदेश विभाज्य कोषमा जम्मा गरी जम्मा भएको कुल रकम मध्ये साठी प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा र चालीस प्रतिशतले हुन आउने रकम स्थानीय विभाज्य कोषमा दाखिला गरी स्थानीय तहलाई तोकिए बमोजिम बाँडफाँड गरी स्थानीय संचित कोषमा दाखिला गरिनेछ।

४. <u>सवारी चालक अनुमति-पत्र, सवारी दर्ता किताब (ब्लू बुक) सम्वन्धी दस्तुर</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र सवारी चालक अनुमति पत्रको इजाजत दस्तुर, सवारी चालक अनुमति पत्रको दरखास्त दस्तुर, सवारी चालक अनुमति पत्रको नवीकरण दस्तुर, सवारी चालक अनुमतिपत्रको जरिवाना, सवारी चालक अनुमति पत्रको पुनः प्रयोगात्मक परिक्षा (रि-ट्रायल) दस्तुर, सवारीको दर्ता किताब दस्तुर(ब्लू बुक), सवारी जाँचपास दस्तुर तथा सोको नवीकरण दस्तुर र अन्य दस्तुर सम्वन्धी व्यवस्था प्रचलित सवारी तथा यातायात सम्वन्धी कानुन बमोजिम लगाइने र असुल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालक अनुमति-पत्र सम्वन्धी दस्तुर प्रदेश सरकारबाट तोकिएको कार्यालयले संकलन गर्नेछ।

(३) यस दफामा उल्लिखित दस्तुर तोकिएको कार्यालयले संकलन गरी प्रदेश संचित कोषमा दाखिला गर्नेछ।

५. <u>मनोरञ्जन कर</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र सञ्चालित चलचित्र घर, भिडियो घर, साँस्कृतिक प्रदर्शन हल, कन्सर्ट, नाटक घर/थियटर, फनपार्क, वाल उद्यान, वाटर पार्क, दोहोरी साँझ, डान्सबार, जुम्बा, हाटबजार र मेला जस्ता मनोरञ्जन स्थलमा अनुसूची-३ बमोजिमको मनोरञ्जन कर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन कर एकमुष्ठ तोकिएको अवस्थामा सोहि बमोजिम र अन्यमा मनोरञ्जन स्थलको प्रवेशको लागि खरिद गरिने टिकटको मुल्यमा लाग्नेछ।

(३) उपदफा (२) बमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठेको महिना भन्दा पछिल्लो महिनाको पच्चीस गते भित्र सम्बन्धित स्थानीय तहमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अवधि भित्र शुल्क दाखिला नगरेमा बार्षिक पन्ध्र प्रतिशतका दरले ब्याजसहित असुल गरिनेछ।

(५) यस दफा बमोजिमको मनोरञ्जन करको नियमन र प्रशासन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(६) उपदफा (१) बमोजिम संकलित करको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

६. विज्ञापन कर : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र राखिने होर्डिंग बोर्ड, साईन बोर्ड, व्यानर, ट्राइ भिजन बोर्ड, गलो बोर्ड, डिजिटल बोर्ड, स्टल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेखे वा विधुतीय तरंग प्रयोग गरिएको विज्ञापन/प्रचारको लागि राखिने बस्तु वा सामग्रीमा गरिने विज्ञापनमा विज्ञापन कर लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिम विज्ञापन करको दर एवं कर संकलन प्रणाली सम्बन्धित नगरपालिका र गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ र यस करको नियमन र प्रशासन सम्बन्धित नगरपालिका र गाउँपालिकाले गर्नेछ।

(३) उपदफा (१) बमोजिम संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ।

७. पर्यटन शुल्क : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र अनुसूची-४ बमोजिम पर्यटन शुल्क लगाईने र असुल गरिनेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिका भित्र रहेका उद्यान, पार्क, संग्रहालय तथा नेपाल सरकारले प्रवेश शुल्क उठाउन अनुमति दिएका प्राचीन स्मारक र पुरातात्विक सम्पदा लगायत अन्य पर्यटकीय स्थल प्रवेश गरे बापत सम्बन्धित गाउँपालिका वा नगरपालिकाले पर्यटन शुल्क लगाई असूल गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको पर्यटन शुल्क सम्बन्धी कार्यविधि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धी सम्पूर्ण कार्य प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट हुनेछ।

(५) उपदफा (२) बमोजिमको पर्यटन शुल्कको नियमन र प्रशासन सम्बन्धित नगरपालिका वा गाउँपालिकाले गर्नेछ।

(६) उपदफा (२) बमोजिम संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ।

८. <u>प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्क</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र अनुसूची-५ बमोजिम ढुङ्गा, गिटी, बालुवा, माटो, दहत्तरबहत्तरको संकलन तथा बिक्रीमा शुल्क लगाईने र असूल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले गर्नेछ।

(३) गाउँपालिका वा नगरपालिकाले आफ्नो क्षेत्र भित्र ढुंगा, गिटी, बालुवा, माटो र दहत्तरबहत्तरको संकलन गर्नु अघि प्रचलित संघीय कानून बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन कार्ययोजना प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस भन्दा पहिले वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भइसकेको अवस्थामा ढुंगा, गिटी, बालुवा, माटो र दहत्तरबहत्तर संकलन गर्न बाधा पर्ने छैन।

(५) उपदफा (१) बमोजिम प्राकृतिक स्रोत संकलन तथा बिक्री शुल्कको संकलित रकमको बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा दाखिला गरिनेछ।

९. <u>दण्ड जरिवाना</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ भित्र कुनै व्यक्ति संस्था वा निकायले प्रदेश कानूनको उल्लङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐनको उल्लङ्घन बापत हुने दण्ड र जरिवानाको व्यवस्था यसै ऐनमा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएकोमा संघीय कानून बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ।

१०. <u>अन्य राजस्व</u> : (१) आर्थिक वर्ष २०७७/०७८ मा प्रदेश नं. १ मातहत रहेका कार्यालयहरूको कार्यप्रकृति अनुसार वस्तु तथा सेवा प्रवाहको माध्यमबाट संकलन हुने दर्ता शुल्क, बिक्री मूल्य वा शुल्क तथा दस्तुर प्रदेश कानूनमा निर्धारण नभईसकेको अवस्थामा प्रचलित कानूनमा उल्लेख भएको दरमा संकलन गरिनेछ।

(२) उपदफा (१) बमोजिम संकलन भएको कर तथा गैर कर राजस्व रकम प्रदेश संचित कोषमा दाखिला गरी सोको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय, सम्बन्धित मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्नेछ।

११. <u>दर घटाउन, बढाउन वा छुट दिन सकिने</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र प्रचलित अन्य कानून बमोजिम लगाइएका शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले मुनाफा रहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहका निकाय वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठीत संस्थालाई यस ऐन बमोजिम लाग्ने दस्तुर, शुल्क र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असूल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

(४) यस दफा बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिइएको विवरण प्रत्येक आर्थिक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१२. <u>कोभिड-१९ को संक्रमणबाट प्रभावित कारोबारमा जरिवाना मिनाहा सम्बन्धी विशेष व्यवस्था:</u> (१) घरेलु तथा साना उद्योग कार्यालय र यातायात व्यवस्था सम्बन्धी कार्यालयहरुबाट

प्रवाह हुने सेवामा कर, शुल्क, दस्तुर बुझाउनु पर्नेमा कोभिड-१९ को कारणबाट भएको लकडाउनको अवधिमा बुझाउन नसकेको कारणले थप दस्तुर, जरिवाना तथा थप जरिवाना लाग्ने भएमा सो थप दस्तुर, जरिवाना तथा थप जरिवाना मिनाहा दिईनेछ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भएता पनि लकडाउनको कारणले बन्द गरिएको सार्वजनिक सडक यातायात खुलेको मितिले साठी दिन भित्र बुझाएमा मात्र उपरोक्त अनुसारको थप दस्तुर, जरिवाना तथा थप जरिवाना मिनाहा दिईनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि संचार क्षेत्रको अनुमतिपत्र दर्ता र नविकरण दस्तुरमा छुट दिइनेछ।

१३. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्ने</u> : प्रचलित कर सम्वन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लिखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

## अनुसूची-१

(दफा २ सँग सम्वन्धित)

### रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र घरजग्गा रोक्का शुल्क

क) घर जग्गा रजिष्ट्रेशन शुल्कः

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अंकमा | ५% | ४.५% | ४% | २% |
| | ख) सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ३% | २% | १% | ०.५% |
| | ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन् सहितको घरजग्गाको लिखतको थैली अंकमा | ४% | ३.५% | ३% | १.५% |
| २. | छोडपत्र दर्ताफारी (संयुक्त दर्तावाला बीचको लिखितको थैली अंकमा ) | | | | |
| | क) दुई जना दर्तावाला रहेकोमा | २.५% | २% | २% | १% |
| | ख) दर्तावाला दुई जना भन्दा बढी रहेकोमा | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह | राजिनामा सरह |
| ३. | हालैदेखिको बकसपत्रको लिखतको थैली अंकमा | | | | |
| | (क) बाजे, बज्यै, आमा, बाबु, पति, पत्नि, दाजु, भाउजु, भाइ, भाईबुहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाई, सासु, ससुरा, जेठान, देवर, देवरानी, भतिजा, भतिजी, नाति, नातिनी, नातिनीबुहारी, काका, काकी, मामा, माइज्यू ,भाञ्जा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भाञ्जी ठुलो-बुवा, ठुली आमा (बाबु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजुभाईको छोरा, छोरी, फूपू र भदाभदै बीच।<br>(अ) रु.१ लाख सम्मको थैली अंकमा<br>(आ) रु.१ लाख भन्दा माथि जति सुकै थैली अंकमा<br>(ख) अन्य बकसपत्र र दानपत्रको थैली अंकमा<br>स्पष्टीकरण:<br>सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/कलेज, सामुदायीक विद्यालय, सामुदायीक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश तथा स्थानीय तह तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै शुल्क लाग्ने छैन । | <br><br>१.५%<br>२.५%<br>१५% | <br><br>१%<br>२%<br>१५% | <br><br>१%<br>२%<br>१५% | <br><br>०.५%<br>१%<br>१०% |
| ४. | अंशवण्डा तथा अंश भर्पाईको लिखत<br>अंशवण्डा, तथा अंश भर्पाईको लिखतमा<br>(क) रु.३० लाख सम्मको थैली अंकमा<br>(ख) रु.३० लाख भन्दा बढी रु.२ करोड सम्मको थैली अंकमा<br>(ग) रु.२ करोड भन्दा माथिको थैली अंकमा | <br><br>०.२%<br>०.३%<br>०.५% | <br><br>०.२%<br>०.३%<br>०.५% | <br><br>०.२%<br>०.३%<br>०.५% | <br><br>०.२%<br>०.३%<br>०.५% |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत<br>क) मानो छुट्टिएको प्रति लिखत<br>ख) मानो जोडिएको प्रति लिखत | <br>रु.१२००० <br>रु.१५००० | <br>रु.११०००<br>रु.१२००० | <br>रु.१००००<br>रु.१०००० | <br>रु.५०००<br>रु.५००० |
| ६ | शेष पछिको बकसपत्रको लिखत<br>शेष पछिको बकसपत्र<br>क) तीन पुस्ता भित्रको<br>ख) तीन पुस्ता बाहिरको | <br><br>रु.१००००<br>रु.१२००० | <br><br>रु.९०००<br>रु.११००० | <br><br>रु.८०००<br>रु.१०००० | <br><br>रु.३०००<br>रु.४००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | अष्टलोहको प्रतिलिखत<br>क) तिन पुस्ताभित्रको<br>ख) तीन पुस्ताबाहिरको | <br>रु.१२०००<br>रु.१५००० | <br>रु.८०००<br>रु.१३००० | <br>रु.७०००<br>रु.११००० | <br>रु.५०००<br>रु.८००० |
| ७. | बन्धकीको लिखत<br>दृष्टिबन्धक, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १% | १% | १% | १% |
| ८. | अचल सम्पत्ती फलोपभोग(युजु फ्रुक्ट) लिखत प्रति लिखत थैली अंकमा | रु.१२०० | रु.८०० | रु.७०० | रु.५०० |
| ९. | शेष पछिको बकसपत्र<br>(क) संशोधन<br>(ख) रद्द गर्ने | <br>रु.२५००<br>रु.१००० | <br>रु.२०००<br>रु.८०० | <br>रु.१५००<br>रु.७०० | <br>रु.१०००<br>रु.५०० |
| १०. | गुठी स्थापना लिखत | रु.७०० | रु.६०० | रु.५०० | रु.४०० |
| ११. | घर बहाल लिखत (पहिलो महिनाको बहाल रकमको प्रतिशत) | ६% | ५% | ४% | ३% |
| १२. | अन्य जुनसुकै प्रकारको लिखत<br>(क) रकम खुलेको भए (रकमको प्रतिशत)<br>(ख) रकम नखुलेको भए (प्रति लिखत रु.) | <br>४%<br>रु.८००० | <br>३%<br>रु.७००० | <br>२%<br>रु.५००० | <br>१%<br>रु.३००० |
| १३. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत | रु.२००० | रु.२००० | रु.२००० | रु.२००० |
| १४. | कपाली तमसुक र कराररनामाको लिखत दाखील खारेज नहुने, कपाली तमसुक र कराररनामाको प्रति लिखत, लिखत अंकको | १% | १% | १% | १% |
| १५. | सि.नं.४ को अंशवण्डा तथा अंश भपाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि १२ सम्मका घरजग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु घर जग्गा भएको ईलाकाको कार्यालय बाहेक अन्य कार्यालयबाट पारीत गर्न सकिने छैन। | | | | |

प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालय प्रदेश नम्बर १ विराटनगर, नेपाल

प्रमुख

ख) सेवा शुल्क

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको शुल्क | उ.म.न.पा. क्षेत्रको शुल्क | न.पा. क्षेत्रको शुल्क | गा.पा. क्षेत्रको शुल्क |
| १ | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क<br>लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क | | | | |
| | क) तराई क्षेत्रमा | रु.१५००० | रु.१०००० | रु.७००० | रु.३००० |
| | ख) अन्य क्षेत्रमा | रु.१५००० | रु.७००० | रु.५००० | रु.२००० |
| २ | वित्तीय धितो<br>नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | |
| | क) रु.१०००००/- सम्मको लिखतको थैली अंकमा | रु.१००० | रु.१००० | रु.१००० | रु.१००० |
| | ख) रु.१०००००/- भन्दा बढी रु.५०००००/- सम्मको लिखतको थैली अंकमा | रु.१५०० | रु.१५०० | रु.१५०० | रु.१५०० |
| | ग) रु.५०००००/- भन्दा बढी रु.१००००००/- सम्मको लिखतको थैली अंकमा | रु.२५०० | रु.२५०० | रु.२५०० | रु.२५०० |
| | घ) रु.१००००००/- भन्दा बढी रु.२००००००/- सम्मको लिखतको थैली अंकमा | रु.३००० | रु.३००० | रु.३००० | रु.३००० |
| | ङ) रु.२००००००/- भन्दा बढी रु.५००००००/- सम्मको लिखतको थैली अंकमा | रु.५००० | रु.५००० | रु.५००० | रु.५००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | च) रु.५000000/- भन्दा बढी रु.१0000000/- सम्मको लिखतको थैली अंकमा | रु.२0000 | रु.२0000 | रु.२0000 | रु.२0000 |
| | छ) रु.१0000000/- भन्दा बढी रु.२0000000/- सम्मको लिखतको थैली अंकमा | रु.३0000 | रु.३0000 | रु.३0000 | रु.३0000 |
| | ज) रु.२0000000/- भन्दा बढी रु.५0000000/- सम्मको लिखतको थैली अंकमा | रु.६५000 | रु.६५000 | रु.६५000 | रु.६५000 |
| | झ) रु.५0000000/- भन्दा बढी जतिसुकै थैली अंकमा | रु.१00000 | रु.१00000 | रु.१00000 | रु.१00000 |
| ३. | लिज :-<br>सरकारी जग्गा लिजमा उपलब्ध गराउने। | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यविधी, २०७१ को अनुसुची-१ अनुसार शुल्क लाग्नेछ। | | | |
| ४. | जग्गा धनी दर्ता श्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा (रु.)<br>क) तराई क्षेत्र<br>ख) अन्य क्षेत्र<br>नोट: जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिंदा समेत लागु हुनेछ। | <br><br><br>१000<br>१000 | <br><br><br>७00<br>५00 | <br><br><br>५00<br>३00 | <br><br><br>२00<br>१00 |
| ५. | दाखिल खारेज शुल्क<br>क) करार अनुसार लिखत पारित गर्न ठहर्याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५% | ४.५% | ४% | २% |
| | ख) अन्य फैसला वा मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारेज गर्दा | ३% | २.५% | २% | १% |
| | ग) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैंक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | घ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.७००० | रु.६००० | रु.५००० | रु.२००० |
| | ङ) बैंक, वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | च) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड भई दाखिल खारेज हुन आँउदा प्रति मिसिल | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | छ) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.५००० | रु.३००० | रु.१००० | रु.५०० |
| | ज) <u>शेषपछिको वकसपत्रको दाखिल खारेज</u> (चालु मूल्यांकनको थैली अंक र लिखतको मुल्यमा जुन बढी हुन्छ बढीमा असुल हुने। | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | क) तीन पुस्ता भित्रको भए प्रतिशत | ०.५ | ०.४ | ०.३ | ०.२ |
| | ख) तीन पुस्ता बाहिरको भए प्रतिशत | ५ | ४ | ३ | २ |
| ६. | नामसारी | | | | |
| | क) तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.५०० | रु.३०० | रु.२०० | रु.१०० |
| | ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.१५०० | रु.१२०० | रु.१००० | रु.७०० |
| ७. | हालसाविक<br>पुनः नापजाँच पछिको श्रेस्ता हालसाविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.४०० | रु.३०० | रु.२०० | रु.१०० |
| ८. | घर कायम | | | | |
| | (क) श्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२५०० | रु.२००० | रु.२००० | रु.५०० |
| | (ख) श्रेस्तामा घर पाताल प्रति निवेदन | रु.१५०० | रु.१२०० | रु.१००० | रु.५०० |
| ९. | संशोधन शुल्क<br>मालपोत ऐन, २०३४ को दफा ७३ अनुसारको विवरणमा संशोधन गर्नुपर्दा प्रति मिसिल | रु.३०० | रु.२०० | रु.१०० | रु.१०० |
| १०. | रोक्का शुल्क | | | | |
| | क) लिखत रजिष्ट्रेशन भएकोमा थैली अंक जतिसुकै भएपनि | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | ख) लिखत रजिष्ट्रेशन नहुनेमा रु.१००००० सम्मको ऋण अङ्कमा | रु.५०० | रु.४०० | रु.३०० | रु.२०० |
| | ग) रु.१००००० भन्दा बढी रु.५००००० सम्म | रु.८०० | रु.७०० | रु.५०० | रु.३०० |
| | घ) रु.५ लाखभन्दा बढी जतिसुकै ऋण अंकमा | रु.१००० | रु.८०० | रु.७०० | रु.५०० |
| | ङ) ऋण अंक नखुलेकोमा | रु.५००० | रु.४००० | रु.३००० | रु.२००० |

(ग) विविध

| | |
|---|---|
| १. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षी पालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पंचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| २. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित गर्दा उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचहत्तर प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ३. | प्रदेश भित्र सूर्ती, गुट्खा, पान्पराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योग स्थापना तथा सञ्चालन गर्ने उद्योगको नाममा खरीद गर्ने जग्गाको लिखत पारित गर्दा सो उद्योग/फर्म रहेको सम्बन्धित स्थानीय तहको छुट सिफारिसमा सो मा लाग्ने रजिष्ट्रेशन शुल्कमा पचास प्रतिशत छुट हुनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असुल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |
| ४. | प्रदेशभित्र कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनी, विश्वविद्यालय, बैंक तथा वित्तीय संस्थाहरूले आफ्ना बहालवाला कर्मचारीहरूलाई सेवा शर्त बमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। |
| ५. | (क) प्रदेशभित्र कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरूलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितोबन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन शुल्क छुट हुनेछ। |
| | (ख) सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन, २०७६ बमोजिम दर्ता भै संचालनमा रहेका सहकारी संस्थाहरूले आफ्ना शेयर सदस्यहरु बीच ऋण लगानी प्रवाह गर्दा दस लाख रुपैयाँ सम्मको थैली अंकमा रोक्का शुल्क बाहेक सेवा शुल्क छुट हुनेछ। सो |

| | |
|---|---|
| | भन्दा माथिको थैली अंकमा खण्ड (ख) सेवा शुल्क महलको सि.नं. २ बमोजिमको सेवा शुल्क लाग्नेछ। |
| ६. | (क) प्रदेशभित्र बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गांभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन शुल्क बाहेक अन्य शुल्क लाग्ने छैन। |
| | (ख) पहिलो र दोश्रो जनआन्दोलन, जनयुद्ध र मधेश आन्दोलमा शहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नि, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको शुल्क पूर्ण रूपमा छुट हुनेछ। तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नु पर्नेछ। |
| ७. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाति भनी स्थानीय निकायबाट प्रमाणित भएको सिफारिस वा आधिकारिक प्रमाणको आधारमा निजको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। |
| ८ | (क) महिला, सत्तरी वर्ष भन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नाबालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन शुल्कमा पच्चीस प्रतिशत छुट हुनेछ। तर एकल महिलाको हकमा भने पैतीस प्रतिशत छुट हुनेछ। तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नुपर्नेछ। |
| ९. | (क) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु.१००।– मात्र रजिष्ट्रेशन शुल्क लाग्नेछ। |
| | (ख) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा सो उद्योग/फर्म दर्ता हुने सम्बन्धित निकायको छुट सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्कको लिखतमा पचास प्रतिशत छुट दिइनेछ। तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन शुल्क असूल गरी सोही रकम बराबर जरिवाना गर्नुपर्नेछ। |

| | |
|---|---|
| | (ग) भूमिहिन, मुक्तकमैया र मुक्तहलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क पूर्ण रूपमा छुट हुनेछ। तर छुट पाउनेले सो खुल्ने प्रमाण/कागजात/परिचय-पत्र पेश गर्नुपर्नेछ। |
| १०. | बैंक, वित्तीय संस्था एवं सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज, गर्नुपर्दा सेवा शुल्क असूल गर्ने प्रयोजनको लागि सम्बन्धित गाउँपालिका वा नगरपालिकाले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय संस्था एवं सहकारी संघ वा संस्थाको पत्रमा उल्लेख भएको मूल्य मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नु पर्नेछ। |
| ११. | संघ, संस्था वा निकायको विधानमा उल्लेखित धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाममा निशुल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन शुल्क छुट दिइनेछ।<br>तर कुनै खास जात, जाती वा थर संग सम्बन्धित वा कुनै एउटै जात वा थरका व्यक्ति वा समूदायको लागि मात्र कार्य गर्ने संघ संस्था वा निकायलाई त्यस्तो छुट दिईने छैन। |
| १२. | प्रदेश भित्र यो ऐन लागू हुँदाका बखत नेपाल सरकारबाट घोषणा भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मिति देखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन शुल्क र सेवा शुल्क लाग्नेछ। |
| १३. | सहकारी ऐन, २०७४ र प्रदेश सहकारी ऐन, २०७६ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराइ र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरीद गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क सहकारी विभाग/प्रदेशको सहकारी सम्बन्धी नियमन गर्ने निकाय/स्थानीय तहको सिफारिसमा लाग्ने रजिष्ट्रेशन शुल्क पूर्ण रुपमा छुट हुनेछ, तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन शुल्क छुट सुविधामा खरीद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन शुल्क असूल उपर गरिनेछ। |
| १४. | विविधको क्रमसंख्या ६,७, ८ र ९ बमोजिम छुट दिंदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइनेछ। |

| | |
|---|---|
| १५. | एउटै कारोबारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरीद विक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको छायाँप्रति पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंक भौचरको छायाँप्रति पेश गरेपछि मात्र सम्वन्धित गाउँपालिका वा नगरपालिकाले लिखत पारित गर्नेछ । |
| १६. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह, रजिष्ट्रेशन शुल्क छुट दिइनेछ। |
| १७. | तीन पुस्ता भित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा क्रमसंख्या (२) मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| १८. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नुपर्दा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| १९. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै निकायलाइ निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कुनै पनि निकायले खरिद गरी लिएमा सो मा रजिष्ट्रेशन शुल्क तथा सेवा शुल्क लाग्ने छैन। |
| २०. | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ बमोजिम मालपोत कार्यालयले संकलन गरेको घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का शुल्क वापतको रकम बाँडफाँड गरी चालीस प्रतिशतले हुन आउने रकम प्रदेश संचित कोषमा र साठी प्रतिशतले हुन आउने रकम सम्वन्धित स्थानीय तहहरुलाई बाँडफाँड गरी सम्बन्धित स्थानीय तहको संचित कोषमा दाखिला गर्नुपर्नेछ। |

## अनुसूची-२

(दफा ३ सँग सम्बन्धित)

सवारी साधन कर

| | |
|---|---|
| सवारी साधन कर | |
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु.२१००० |
| (आ) १००१ देखि १५०० सी.सी सम्म | रु.२३००० |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.३०००० |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. सम्म | रु.३५५०० |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु.४१००० |
| (ऊ) २९०१ सी.सी. देखि माथि सबै | रु.५८५०० |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपरहरु | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.३८५०० |
| (आ) मिनीटिपर | रु.२७५०० |
| (ग) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो-रिक्सा, थ्री व्हिलर, टेम्पो | रु.५००० |
| (आ) ट्रेक्टर | रु.४५०० |
| (इ) पावर टिलर | रु.३५०० |
| (घ) मिनिट्रक, मिनिबस | रु.२४५०० |
| (ङ) ट्रक, बस | रु.३३००० |
| (च) मोटरसाइकल | |
| (अ) १२५ सी.सी. सम्मको | रु.२८०० |
| (आ) १२६ देखि २५० सी.सी. सम्म | रु.४५०० |
| (इ) २५१ देखि ४०० सी.सी. सम्म | रु.९००० |
| (ई) ४०१ सी.सी. र सो देखि माथि | रु.१६५०० |

| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
|---|---|
| सवारीको किसिम | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सी.सी.सम्म | रु.८५०० |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु.९५०० |
| (इ) २००१ सी.सी.देखि २९०० सी.सी.सम्म | रु.११५०० |
| (ई) २९०१ सी. सी. देखि ४००० सी.सी. सम्म | रु.१३५०० |
| (उ) ४००१ सी.सी. र सो भन्दा माथि सबै | रु.१६००० |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१८००० |
| (ग) अटो-रिक्सा, थ्री ह्विलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो-रिक्सा, थ्री ह्विलर, टेम्पो | रु.४५०० |
| (आ) ट्रेक्टर | रु.२७०० |
| (इ) पावर टिलर | रु.२५०० |
| (घ) मिनीट्रक, मिनीवस | रु.१२५०० |
| (ङ) मिनी ट्रिपर | रु.१५००० |
| (च) ट्रक, वस, तेल ट्याकर | रु.१७००० |

| | |
|---|---|
| ३. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नाममा दर्ता भएका सवारी साधनहरूलाई क्र.सं. (२) बमोजिम लाग्ने सरह कर लाग्नेछ। |
| ४. | विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन। पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा क्र.सं. (१) र (२) बमोजिम लाग्ने सवारी साधन करमा वीस प्रतिशत छुट हुनेछ। |
| ५. | शुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ। तर आयात मितिले १ बर्ष सम्म व्यापार मौज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन। |
| ६. | (क) सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी नेपाल सरकार, प्रदेश सरकारले ठहर्याएको कुनै व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन। |

| | |
|---|---|
| | (ख) कुनै सवारी धनीले आफ्नो सवारी साधन बिक्री वा अन्य कुनै कारणले पुन संचालनमा आउन नसक्ने भए लगत कट्टाको मिति सम्मको सवारी साधन कर तथा दस्तुर तिरी लगत कट्टा गर्न सक्नेछ। |
| ७. | प्रदेश नं.१ बाहिर दर्ता भई प्रदेश नं. १ अन्तर्गतका यातायात व्यवस्था कार्यालयहरूमा सरुवा सहमति भई दर्ताको लागि आउने सवारी साधनहरूको हकमा उत्पादनका मितिले दश वर्षभन्दा पुराना सवारी साधनहरूलाई लाग्ने सवारी साधन करमा दश वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ। तर त्यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकम भन्दा बढी हुने छैन। |
| ८. | भाडाका बस, मिनीबस तथा माइक्रोबसका सवारी साधनले विद्यार्थी तथा ज्येष्ठ नागरिकलाई सहुलियतको रूपमा भाडामा छुट दिए बापत त्यस्ता सवारी साधनका धनीले तिर्नु पर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन्। |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन्। यसरी अग्रिम रूपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ। |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन। |
| ११. | क.सं. (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन। |
| १२. | बीस लाख रुपैयाँ भन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र विक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ। |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाईका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन। |
| १४. | नेपालमा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रूपमा रूपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर बापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर बापत हुन आउने रकम मध्ये जुन घटी हुन्छ सो बराबरको रकम छुट दिइनेछ। |

| | |
|---|---|
| १५. | नेपाल सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन। |
| १६. | बीस वर्ष पूरा भएका सार्वजनिक सवारी साधन सञ्चालन गरी जफत अवस्थामा त्यस्ता सवारीले वार्षिक रुपमा तिर्नुपर्ने सवारी कर नतिरेको रहेछ भने त्यस्ता सवारीमा लाग्ने करमा आ.व. २०७७/७८ को अन्तिममा तिर्न आएमा पचास प्रतिशत छुट दिई बाँकी रकम सम्बन्धित सवारी धनीसँग असुल गरी त्यस्ता सवारीको लगतकट्टा गरी दर्ता प्रमाणपत्र खारेज गर्ने। |
| १७. | कुनै सवारी दुर्घटनाग्रस्त भै चेसिस इन्जिन वा वडि काम नलाग्ने अवस्था भएको वा वाढी पहिरो तथा नदीमा डुबी नभेटिने अवस्था भएमा त्यस्ता सवारीहरूको लगत कट्टा गरी सवारी दर्ता प्रमाणपत्र खारेज गर्ने अवधिसम्म कर असुल गर्न बाँकी रहेछ भने त्यस्ता सवारी सञ्चालन भएको अवधिको मात्र कर तिर्नु पर्ने बाँकी अवधि छुट दिने व्यवस्था हुनुपर्ने। |
| १८. | कुनै सार्वजनिक तथा निजी सवारीको दश वर्षसम्म सवारी कर नतिरी दर्ता प्रमाणपत्र फेल भएको रहेछ र त्यस्तो सवारीको धनीले दर्ता प्रमाणपत्र खारेज गर्न चाहेमा एक पटकको लागि पछिल्लो तीन आर्थिक वर्षको सवारी कर(जरिवाना समेत) आ.व. २०७७/७८ असार मसान्त भित्र तिरी दर्ता किताववाट लगतकट्टा गरी सवारी दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ। |
| १९. | कुनै सार्वजनिक तथा निजी सवारी दश वर्ष भन्दा बढी अवधिको सवारी साधन कर तिर्न बाँकी रहेछ भने र त्यस्तो सवारीको धनीले लगत कट्टा गरी प्रमाणपत्र खारेज गर्न चाहेमा एक पटकको लागि पछिल्लो पाँच आर्थिक वर्षको सवारी कर आ.व. २०७७/७८ असार मसान्त भित्र तिरी दर्ता किताववाट लगतकट्टा गरी सवारीको दर्ता प्रमाणपत्र खारेज गर्न सक्नेछ। |
| २०. | कुनै सार्वजनिक सवारीले दश वर्ष भन्दा माथि जतिसुकै आर्थिक वर्षको सवारी कर तिर्न बाँकि रहेछ भने एक पटकलाई पचास प्रतिशत सवारी साधन कर तिरी सवारी सञ्चालन गर्न पाउने तर बीस वर्ष अवधि पुगेको हकमा यो छुट लागु हुनेछैन। |

अनुसूची-३

(दफा ५ सँग सम्वन्धित)

मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको दर | कैफियत |
|---|---|---|---|
| १. | चलचित्र घरमा, चलचित्र प्रदर्शन गर्दा दर्शकहरुवाट प्रति टिकट (टिकट मूल्यको) | ३% | |
| २. | भिडियो घर, संस्कृतिक प्रदर्शन हल, कन्सर्ट, थियटर, नाटक घर (टिकट मूल्यको ) | ५% | |
| ३. | दोहोरी साँझ, डान्स बार, जुम्वा (वार्षिक) | रु. ५००० | |
| ४. | फन पार्क, वाटर गार्डेन, बाल उद्यान (टिकट मूल्यको) | २% | |
| ५. | एक महिना सम्म जादु, मेला सर्कस तथा मनोरन्जनात्मक कार्यक्रम संचालन गराए वापत (प्रति दिन) | रु.२०० | |
| ६ . | एक महिना भन्दा वढी जादु, मेला तथा मनोरन्जनात्मक कार्यक्रम संचालन सर्कस संचालन गराए बापत (प्रति महिना) | रु.५५०० | |
| ७. | नेपाली चलचित्रको प्रदर्शनमा सि.नं. १ मा उल्लेखित दरमा ५०% छुट दिईनेछ। | | |

## अनुसूची -४

(दफा ७ संग सम्वन्धित)

### पर्यटन शुल्क

नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेशले आफै निर्माण गरेका पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा देहाय अनुसार शुल्क लाग्नेछ ।

| सि.न. | शीर्षक | दर |
|---|---|---|
| १. | पदमार्ग | प्रति पर्यटक सार्क मुलुकका पर्यटकका लागि यु.एस.डलर ५ र अन्य मुलुकका पर्यटकका लागि यु.एस.डलर १० |
| २. | पर्यटक शुल्क | विदेशी पर्यटकको हकमा प्रति पर्यटक शुल्क रु.१००० र स्वदेशी पर्यटकको हकमा शुल्क प्रति पर्यटक रु.१००·का दरले |

सि.नं. (१) मा व्यवस्था गरिएको पदमार्गको पर्यटन शुल्क शुरु बिन्दुको स्थानीय तहबाट संकलन गरिनेछ।

## अनुसूची-५

(दफा ८ सँग सम्बन्धित)

### प्राकृतिक स्रोत संकलन तथा विक्री शुल्क

खण्ड 'क'

| सि.नं. | विवरण | इकाई | दर (संकलन शुल्क) | दर (विक्री शुल्क) | कैफियत |
|---|---|---|---|---|---|
| १. | ढुंगा, गिटी, रोडा, ग्रावेल, चट्टान, स्लेट | प्रति क्यूब फिट | रु. २.०० | ४.०० | |
| २. | बालुवा, चिप्स | प्रति क्यूब फिट | रु. १.७५ | ३.०० | |
| ३. | माटो (भरौट र बलौटे) | प्रति क्यूब फिट | रु. १.२५ | २.५० | |
| ४. | नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि (दहत्तरबहत्तर) | प्रति किलो | रु.१.०० | रु.१.५० | |
| | माथि उल्लेखित सि.नं. १-४ सम्मको संकलन तथा विक्री शुल्क बापतको रकम एकमुष्ट बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ। | | | | |

(अ) "ढुङ्गा, गिट्टी, बालवा, माटो, चट्टान, दहत्तर बहत्तर " भन्नाले नदी खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन् वा संकलन गर्ने बहुमुल्य पत्थर, ऐतिहासिक र सांस्कृतिक महत्वका शालीग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका ढुङ्गा, गिट्टी, बालवा, रोडा, गेग्रान, चट्टान, माटो, चनुढुङ्गा, स्लेट, जस्ता नदीले बगाई ल्याएको वा थिग्रिएको नदि वा खानीजन्य प्राकृतिक स्रोतलाई सम्झनुपर्छ ।

(आ) व्यक्तिको निजी जग्गाबाट माटो विक्री गर्दा जग्गा धनीले नै कति घनफिट माटो बिक्री गर्ने हो यकिन गरी सम्बन्धित स्थानीय तहमा निवेदन दिनु पर्नेछ। सो सम्वन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले निर्णय गरी बार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउनु पर्नेछ।

सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वामित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरामा विचार गरेर मात्र स्थानीय तहले स्वीकृत दिनुपर्नेछः

(क) सँध सिमानामा पर्ने जग्गा धनीको लिखित स्वीकृत भएको हुनुपर्ने छ।

(ख) माटो उत्खननबाट प्राकृतिक श्रोतको दुरुपयोग, भौगोलिक संरचना, मानवीय बासस्थान, सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना, सडक, कुलो नहर, सँध सिमानामा रहेको छिमेकीको जग्गाको संरचना आदिमा कुनै किसिमको असर नपर्ने हुनुपर्नेछ।

खण्ड ख

| | |
|---|---|
| १. | खानीजन्य बस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्ट उद्योग भन्दा बाहिर पठाउँदा प्रति बोरा एक रुपैयाँका दरले प्राकृतिक स्रोत उपयोग बापत शुल्क लगाईनेछ। यसरी लगाइएको शुल्क सम्बन्धित उद्योगले सम्बन्धित निकायमा कर तिरेको निस्सा प्रदेश लेखा नियन्त्रण इकाई कार्यालयमा बुझाउनु पर्नेछ ।<br>यस शुल्कको नियमन प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हुनेछ। |

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नम्बर १
विराटनगर, नेपाल

उपरोक्त सम्बन्धमा मिति २०७७/०३/०५ गते बसेको प्रदेश सभाको छैटौं तथा बजेट अधिवेशनको १५ औं बैठकले पारित गरेको विधेयक "प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७७" नेपालको संविधानको धारा २०५(१) बमोजम प्रमाणित गर्दछु।

मा‍ननीय प्रदिप कुमार भण्डारी
सभामुख

प्रदेश सभा सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

माननीय सोमनाथ अधिकारी "प्यासी"
प्रदेश प्रमुख

मिति : २०७७।३।१८